# भुरुङ तातोपानीका मगर जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको समाजशास्त्रीय अध्ययन

**मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण बहुमुखी क्याम्पस मानवशास्त्र/समाजशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्ष आठौं पत्रको प्रयोजनका लागि प्रस्तुत**

शोधपत्र


प्रस्तुतकर्ता

**कमलचन्द्र लामिछाने**

**रोल नं. १६९।०५९**

**त्रि.वि. रजिष्ट्रेशन नं. ९१२३-९३**

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**पृथ्वीनारायण क्याम्पस**

**पोखरा**


२०६६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरूप कमलचन्द्र लामिछानेद्वारा "**भुरुङ तातोपानीका मगर जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको समाजशास्त्रीय अध्ययन**" शीर्षकको शोधपत्र मेरो निर्देशनमा तथा सुपरिवेक्षणमा तयार गर्नुभएको हो । धेरै मिहिनेतपूर्वक तयार पारिएको यस शोधपत्र कार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शरदकुमार पौडेल
शिक्षण सहायक
मानवशास्त्र तथा समाजशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०६६, चैत्र

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप कमलचन्द्र लामिछानेद्वारा तयार गरिएको "**भुरुङ तातोपानीका मगर जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको समाजशास्त्रीय अध्ययन**" नामक यस शोधपत्रलाई देहायको मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

...............................

शरदकुमार पौडेल

शोधनिर्देशक

.................................

डा. ज्ञानबहादुर कार्की

सहप्राध्यापक

बाह्य परीक्षक

.......................................

शान्ति भुसाल

विभागीय प्रमुख

मिति : २०६६, चैत्र

# भाषा सम्पादकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पस अन्तर्गत स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विभाग, दोस्रो वर्षको आठौं पत्रको प्रयोजनका लागि समूह ०५९ क्रमाङ्क १६९ का विद्यार्थी कमलचन्द्र लामिछानेले निकै परिश्रमपूर्वक तयार पार्नु भएको भुरुङ तातोपानी गा.वि.स., म्याग्दीको समाजशास्त्रीय अध्ययन अन्तर्गतको **भुरुङ तातोपानीका मगर जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको समाजशास्त्रीय अध्ययन**" शीर्षकको प्रस्तुत शोधपत्र भाषिक दृष्टिकोणले सन्तोषजनक रहेको कुरा प्रमाणित गर्दछु ।

____________________

डा. विष्णुप्रसाद पौडेल
सहप्राध्यापक
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०६६, चैत्र

# कृतज्ञता ज्ञापन

अनेक जात जातिको संगम स्थल भएको नेपाली समाजको बनौटमा नेपाल अधिराज्यभर छरिएर रहेका मगर जातिको बारेमा अध्ययन गर्ने उत्सुकता मेरो मनमा आएको थियो । यसै क्रममा त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमको सेरोफेरोमा रही म्याग्दी जिल्ला भुरुङ तातोपानी गा.वि.स. का मगरहरूको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन विषयको शोधपत्र समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त तयार गरेको छु । यो शोधकार्य सम्पन्न गर्नको निमित्त मैले धेरैको सहयोग पाएको छु । सर्वप्रथम म शोधपत्र लेखनको प्रारम्भदेखि अन्त्यसम्म आवश्यक सहयोग, सल्लाह एवं सुझाव प्रदान गर्नुहुने व्यक्ति, संघसंस्थाप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य सल्लाह र सुझाव दिई आवश्यक सहयोग गर्नुहुने श्रद्धेय शोधनिर्देशक गुरु श्री शरदकुमार पौडेलप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै यस क्याम्पसमा समाजशास्त्र/मानवशास्त्र विभागका श्रद्धेय विभागीय प्रमुख शान्ति भुसालप्रति हार्दिक कृतज्ञताको साथै आभार प्रकट गर्दछु । त्यस्तै शोधकार्यलाई निश्चित समयमा सम्पन्न गर्न सहयोग र हौसला प्रदान गर्नुहुने मानवशास्त्र/समाजशास्त्र विभागका सम्पूर्ण श्रद्धेय गुरुजनहरूप्रति आभारी छु ।

अध्ययनको सिलसिलामा मलाई सहयोग गर्नुहुने श्री सर्वोदय माध्यमिक विद्यालय भुरुङ तातोपानी-९ म्याग्दीका शिक्षक मित्रहरू र विद्यार्थी भाइ बहिनीहरूलाई धन्यवाद दिन चाहन्छु । यसै गरी भुरुङ गाउँका सम्पूर्ण उत्तरदाता सदस्यहरू, मुख्य सूचनादाताहरू, हिमालय प्रा.वि. का सम्पूर्ण शिक्षक मित्रहरू, आमा समूहका प्रतिनिधिहरू, विभिन्न सरकारी र गैर सरकारी संस्थाका पदाधिकारीहरू, गा.वि.स. सचिव एवं भुरुङ तातोापनी निवासी मगर समुदायप्रति आभारी छु ।

अन्त्यमा यो शोधपत्र कम्प्युटर टाइप र सेटिङ गरिदिनुहुने श्रेष्ठ कम्प्युटर सर्भिस, नदीपुरका साथी ईश्वर श्रेष्ठलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

कमलचन्द्र लामिछाने
समाजशास्त्र/मानवशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| **अध्याय-१ : परिचय** | | **१-८** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको समस्या | ५ |
| १.३ | अध्ययनको उद्देश्य | ६ |
| १.४ | सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्ष | ६ |
| १.५ | अध्ययनको महत्त्व | ७ |
| १.६ | अध्ययनको सीमा | ७ |
| **अध्याय-२ : साहित्य पुनरावलोकन** | | **९-१९** |
| २.१ | सैद्धान्तिक पृष्ठभूमि | ९ |
| २.२ | पूर्व साहित्यको समीक्षा | १६ |
| **अध्याय-३ : अनुसन्धान विधि** | | **२०-२३** |
| ३.१ | अध्ययन क्षेत्र र छनौटको औचित्य | २० |
| ३.२ | अनुसन्धानको ढाँचा | २० |
| ३.३ | तथ्याङ्कको स्रोत र प्रकृति | २१ |
| ३.३.१ | तथ्याङ्कको स्रोत | २१ |
| ३.४ | नमुना सङ्कलन विधि | २२ |
| ३.५ | तथ्याङ्क सङ्कलनको विधि | २२ |
| ३.५.१ | घरधुरी सर्वेक्षण | २२ |
| ३.५.३ | अन्तर्वार्ता | २२ |
| ३.५.४ | समूह छलफल | २२ |
| ३.६ | तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण | २३ |
| **अध्याय-४ : परिचय** | | **२४-३८** |
| ४. | अध्ययन क्षेत्रको परिचय | २४ |

४.१ म्याग्दी जिल्लाको सामान्य परिचय २४
४.२ भुरुङ तातोपानी गा.वि.स. को परिचय २५
४.२.१ नामाकरण २६
४.२.२ भोगोलिक अवस्थिति २६
४.२.३ हावापानी २७
४.२.४ जातजातिगत विवरण २७
४.२.५ वडागत जनसङ्ख्याको विवरण २८
४.२.६ स्वास्थ्य २९
४.२.७ शिक्षा २९
४.२.८ खानेपानी ३०
४.२.९ धर्म ३०
४.२.१० भाषा ३१
४.२.११ चाडपर्व ३१
४.२.१२ वेषभूषा ३१
४.२.१३ खाना ३१
४.२.१४ आर्थिक अवस्था ३२
४.३ अध्ययन क्षेत्र भुरुङ गाउँको परिचय ३५
४.४ अध्ययन क्षेत्रमा रहेका विभिन्न सामाजिक संस्थाहरू ३५
४.४.१ आमा समूह ३५
४.४.२ युवा समूह (युवा क्लब) ३६
४.४.३ बाखा समूह ३६
४.४.४ पुर्ख्यौली समूह ३६
४.४.५ बाजा समूह ३७
४.४.६ बन समूह ३७
४.४.७ कृषि समूह ३८

**अध्याय-५ : तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण ३९-५०**
५. मगर जातिको सामाजिक तथा सांस्कृतिक जीवन ३९
५.१ छनौट परिवारको जनसङ्ख्या ३९

| | | |
|---|---|---|
| ५.२ | उत्तरदाताको विवरण | ४० |
| ५.२.१ | उमेर र लिङ्गअनुसारका उत्तरदाताको विवरण | ४० |
| ५.२.२ | उत्तरदाताको लैङ्गिक तथा शैक्षिक स्थिति | ४१ |
| ५.३ | परिवारको प्रकार | ४१ |
| ५.४ | पारिवारिक श्रम विभाजन | ४३ |
| ५.५ | वैवाहिक स्थिति | ४३ |
| ५.६ | शिक्षा | ४४ |
| ५.७ | परिवार नियोजन | ४६ |
| ५.८ | स्वास्थ्य | ४७ |
| ५.९ | घरमा प्रयोग भएका सुविधाहरू | ४९ |

**अध्याय-६ : मगर जातिको जीवन प्रक्रिया** **५१-५९**

| | | |
|---|---|---|
| ६.१ | जन्म | ५१ |
| ६.१.१ | छैटी जगाउनु | ५१ |
| ६.२ | अन्नप्राशन | ५२ |
| ६.३ | नाककान छेड्ने संस्कार | ५२ |
| ६.४ | छेवर संस्कार | ५२ |
| ६.५ | गुन्यु चोली दिने | ५३ |
| ६.६ | विवाह | ५३ |
| ६.७ | चौरासी पूजा | ५४ |
| ६.८ | मृत्यु संस्कार | ५४ |
| ६.९ | श्राद्ध संस्कार | ५५ |
| ६.१० | धामी झाँक्री प्रथा | ५५ |
| ६.११. | नातेदारी | ५६ |
| ६.१२ | घरमूलीको भूमिका | ५७ |
| ६.१३ | मगर समुदायमा नारीको अवस्था | ५७ |
| ६.१४ | मगर समुदायको अन्य जातजातिसँगको सम्बन्ध | ५८ |
| ६.१५ | मगर संस्कृतिमा निरन्तरता र परिवर्तन | ५८ |

**अध्याय-७ : मगर जातिको सांस्कृतिक जीवन** **६०-७५**

७.१ भाषा ६०

७.२ धर्म ६०

७.३ घरको संरचना ६१

७.४ खानपान ६२

७.५ वेषभूषा ६३

७.६ भाँडावर्तन ६४

७.७ मनोरञ्जन ६४

७.७.१ मेला ६४

७.७.२ मारुनी नाँच (पुर्ख्यौली नाचं) ६५

७.८ चाडपर्व ६६

७.८.१ दशैं ६६

७.८.२ तिहार ६७

७.८.३ तीज ६८

७.८.४ श्रीपञ्चमी ६८

७.८.५ नागे पञ्चमी ६९

७.८.६ फागु पूर्णिमा ६९

७.८.७ माघे संक्रान्ति ६९

७.८.८ साउने संक्रान्ति ६९

७.८.९ जनै पूर्णिमा ७०

७.८.१० चैते दशैं ७०

७.८.११ बराह पूजा ७०

७.८.१२ भूमे पूजा ७१

७.८.१३ मण्डली पूजा ७२

७.८.१४ वायु पूजा ७२

७.८.१५ देवी पूजा ७२

७.८.१६ कुलपूजा ७३

७.८.१७ ठूलो एकादशी ७४

७.८.१८ महाशिवरात्रि ७४

७.८.१९ अन्य चाडपर्वहरू ७५
७.९ इसाई धर्मालम्वीहरूको सामाजिक तथा सांस्कृतिक पक्ष ७५

**अध्याय-८ : आर्थिक स्थिति ७६-९०**
८. मगर जातिको आर्थिक स्थिति ७६
८.१ परिचय ७६
८.२ पेसा ७७
८.२.१ सहायक पेसा ७८
८.३ आर्थिक संगठन ७८
८.४ वार्षिक आय र व्यय ७९
८.४.१ वार्षिक आय ७९
८.४.२ वार्षिक व्यय ८०
८.५ कृषि ८१
८.६ खेती गर्ने तरिका ८४
८.७ जमिनको प्रकार ८५
८.८ उत्पादनको पर्याप्तता ८६
८.९ पशुपालन ८७
८.१० मौरीपालन ८९
८.११ व्यापार तथा व्यवसाय र उद्योगधन्दा ८९
८.१२ कर्मचारी वैदेशिक रोजगार तथा लाहुरे र पेन्सन ९०
८.१३ ज्यालादारी तथा मजदुरी ९०

**अध्याय-९ : सारांश, निष्कर्ष र सुझावहरू ९१-९७**
९.१ सारांश ९१
९.२ निष्कर्ष ९४
९.३ सुझावहरू ९६
**सन्दर्भग्रन्थ सूची**

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | भुरुङ तातोपानीको जातजातिगत जनसङ्ख्याको विवरण | २८ |
| ४.२ | भुरुङ तातोपानीको वडागत जनसङ्ख्याको विवरण | २८ |
| ४.३ | धर्म अनुसारको जनसंख्याको विवरण | ३० |
| ५.१ | छनौट परिवारको उमेर र लिङ्ग अनुसारको जनसङ्ख्या वितरण | ३९ |
| ५.२ | उमेर र लिङ्गअनुसारका उत्तरदाताको विवरण | ४० |
| ५.३ | उत्तरदाताको लैङ्गिक तथा शैक्षिक स्थिति | ४१ |
| ५.४ | परिवारको प्रकारहरू | ४२ |
| ५.५ | शैक्षिक स्थिति | ४५ |
| ५.६ | परिवार नियोजन | ४६ |
| ५.७ | परिवार नियोजनका साधन र प्रयोग | ४७ |
| ५.८ | उत्तरदाताहरूले अवलम्बन गर्ने उपचार विधि | ४८ |
| ५.९ | घरमा प्रयोग भएका सुविधाहरू | ४९ |
| ७.१ | धर्म अनुसारको जनसङ्ख्याको वितरण | ६१ |
| ७.२ | चाडपर्वमा खाइने विशेष खानाका प्रकारहरू | ६३ |
| ८.१ | उत्तरदाताको पारिवारिक पेसागत विवरण | ७८ |
| ८.२ | अध्ययन क्षेत्रका मगर परिवारको अनुमानित वार्षिक आय विवरण | ७९ |
| ८.३ | उत्तरदाताहरूको अनुमानित वार्षिक व्यय विवरण | ८० |
| ८.४ | मौसमी विवरणअनुसार बाली लगाउने तरिका | ८२ |
| ८.५ | कृषि उत्पादनको स्थिति | ८३ |
| ८.६ | मलको प्रयोग | ८४ |
| ८.७ | उत्तरदाताहरूको जग्गा जमिन माथिको पहुँचको स्थिति | ८६ |
| ८.८ | उत्पादनको पर्याप्तता | ८६ |
| ८.९ | पशुपालनको विवरण | ८७ |
| ८.१० | उत्तरदाताअनुसार पशुपालनको विवरण | ८८ |
| ८.११ | कर्मचारी, वैदेशिक रोजगार तथा लाहुरे र पेन्सन | ९० |

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| वि.सं. | विक्रम सम्बत |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# शोधसार

## मगर जातिको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको एक अध्ययन

**कमलचन्द्र लामिछाने**

### परिचय

नेपालमा विभिन्न जातजाति, जनजाति आदिवासीहरूको बसोबास रहेको छ । उनीहरूको आफ्नो छुट्टै भाषा, संस्कृति रीतिरिवाज छन् । नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरू मध्ये मगर पनि एक हो । हिन्दु धर्मसँग नजिक देखिने मगरहरूको धार्मिक संस्कारमा आफ्नो मौलिकपन देखिन्छ । मगरहरूले दशै, तिहार, साउने सङ्क्रान्ति माघेसङ्क्रान्ति, कुलपुजा, मण्डली पुजा, भुमेपुजा, वराहपुजा जस्ता चाडपर्वहरू हर्षोल्लासपूर्वक मनाउने गर्दछन् । सैनिक सेवामा भर्ती हुन रुचाउने यिनीहरूको चाहना भएपनि सवै मगरहरूको यसमा पँहुच पुग्न सकेको छैन । परम्परादेखि कृषि र पशुपालन व्यवसाय अपनाउँदै आएपनि हाल यस व्यवसायमा कमि देखिदै आएको पाइन्छ ।

अध्ययन क्षेत्रमा पाइजा, सम्जाली, गर्वुजा, रन्तिजा, तिलिजा, पुर्जा, फगामी, राना आदि थरका मगरहरूको बसोबास रहेको छ । पर्यावरणसँग समायोजन हुनको लागि यहाँका मगरहरू ढिडो, रोटी जस्ता खाद्यान्नहरू बढि खान्छन् भने भौगोलिक वातावरणले गर्दा भैसी, पाडा पाडिहरूभन्दा, गाईगोरु र भेडा बाख्राहरू वढि पाल्दछन् । अधिकांश यहाँका मगरहरू वैदेशिक रोजगारलाई नै मुख्य आम्दानीको स्रोत मान्दछन् ।

### सैद्धान्तिक नमूना

यो अध्ययन जनजातिय अध्ययन विश्लेषणमा आधारित छ ।

### अनुसन्धान ढाँचा

यो अध्ययनकार्य म्याग्दी जिल्लाको भुरुङ्ग तातोपानी गा.वि.स.को भुरुङ्ग गाउँलाई केन्द्रविन्दु बनाएर गरिएको छ । अध्ययन क्षेत्र भुरुङ्ग गाउँका ८१ घरपरिवार सवैलाई अध्ययनको रूपमा समेटिएकोले यस अध्ययनमा जनगणना विधिको प्रयोग गरिएको छ । यस अनुसन्धान कार्यमा शोधकर्ताद्वारा सामाजिक घटनाहरूमा अन्तरनिहित अध्ययन गरिएकोले अन्वेषणात्मक किसिमको अनुसन्धान ढाँचा अवलम्वन गरिएको छ । मगरहरूको सामाजिक, सांस्कृति, शैक्षिक र आर्थिक अवस्थाको स्थितिलाई वर्णन गरिएकोले वर्णनात्मक

ढाँचाको पनि प्रयोग गरिएको छ । अध्ययनको लागि चाहिएको तथ्याङ्क प्राथमिक स्रोतहरू घरधुरी सर्वेक्षण, अवलोकन, मुख्य सूचनादाताको अन्तरवार्ता, समूह छलफल सहभागी अवलोकनको माध्यमबाट संकलन गरिएको छ भने पत्रपत्रिका, लेखरचना, जर्नल, अभिलेख, पुस्तकहरूका साथै अन्य सम्बन्धित साहित्यको सहयोग लिई द्वितीय स्रोतका तथ्याङ्कहरू संकलन गरिएको छ । अध्ययन अनुसन्धधानबाट प्राप्त तथ्याङ्कलाई सूचिकृत गर्ने, वर्गीकृत गर्ने, तालिकिकरण गर्ने, प्रतिशत निकाली आवश्यकता अनुसार व्याख्या र विश्लेषण गर्दै उपयुक्त निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## सारांश र निष्कर्ष

यस अध्ययनमा भुरुङ्ग तातोपानी गा.वि.स.को भुरुङ्ग गाउँमा बसोबास गर्ने ८१ घर मगर परिवारको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको बारेमा अध्ययन गरी निम्न कुराहरू पत्ता लगाइएको छ ।

- यहाँको कुल घरधुरी सङख्या ११५ मध्ये ८१ घर मगर, ३२ घर दलित र २ घर क्षेत्रीका रहेका छन् । त्यस्तै यहाँको जम्मा जनसङ्ख्या ६८३ मध्ये मगरको सङख्या ४४२ (६४.७२%) रहेको छ । त्यसपछि दलित (वि.क. र नेपाली) को जनसङ्ख्या २२५ (३२.९४%) र क्षेत्रीको सङ्ख्या १६ (२.३४%) रहेको छ ।
- भुरुङ गाउँको मगरको जनसङख्या ४४२ पाइयो जसमा २२५ पुरा र २१७ महिला छन् । जुन पुरुष तर्फ ५०.९० प्रतिशत र महिलातर्फ ४९.१० प्रतिशत हुन आउँदछ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्या २७८ (६२.९०%) र आर्थिक रूपले निस्क्रिय जनसङख्या १६४ (३७.१०%) रहेको देखिन्छ ।
- महिला उत्तरदाता ३३ (४०.७४%) र पुरुष उत्तरदाता ४८ (५९.२६%) रहेका छन् । ४८ पुरुष उत्तरदाताहरू मध्ये ८ जना निरक्षर र ३३ जना महिला उत्तरदाताहरू मध्ये १२ जना निरक्षर रहेको देखिन्छ ।
- ७५.३१% मगरहरूको एकात्मक परिवार रहेको छ भने २४.६९% मगरहरूको संयुक्त परिवार रहेको छ ।

- ६ वर्षभन्दा माथिका ४०३ जनसङख्या मध्ये १३.१५ % मगरहरू निरक्षर नै छन् । त्यस्तै २.७३% मगरहरू आइ.ए. वा सो सरहको शिक्षा प्राप्त गरेका छन् भने स्नातक वा सो सरहभन्दा माथि अध्ययन गर्ने मगर नै छैनन् ।
- परिवार नियोजनमा कार्यक्रमहरू संचालन गरे पनि २४.६९% उत्तरदाताहरू परिवार नियोजन सम्बन्धी कुनै चासो देखाउँदैनन्। त्यस्तै ७५.३१% उत्तरदाताहरूको धामी झाँक्रीप्रतिको विश्वास हट्न सकेको छैन ।
- यहाँका ९५.०६% परिवारले हिन्दू धर्म मान्दछन् भने ४.९४% परिवारले क्रिश्चियन धर्म मान्दछन् ।
- यहाँका १०० प्रतिशत परिवारले धाराको खानोपनीको प्रयोग गरेको पाइन्छ । त्यस्तै ३५.८०% परिवारले खुल्ला चौरलाई चर्पीको रूपमा प्रयोग गरेका छन् ।
- यहाँका १२.३५ % उत्तरदाताहरूले मात्र टेलिभिजन, टेलिफोन, विजुली बत्ती रेडियोजस्ता आधारभूत सेवाहरू उपयोग गरेका छन् ।
- यहाँका मगरहरूको मुख्य पेशा कृषि हो । सहायक पेशाको रूपमा ४३.२१% उत्तरदाताले वैदेशिक रोजगारलाई अपनाएका छन् । सैनिक सेवामा भर्ति हुने इच्छा भए पनि कुल जनसङख्याको १.३६ % मगरहरू मात्र सैनिक सेवामा भर्ति भएको पाइयो । त्यस्तै ३२.०९% उत्तरदाताहरू कृषि पेशाको अतिरिक्त ज्यालादारी काम गर्दछन् । ८.८८% उत्तरदाताहरू पेन्सनलाई आम्दानीको स्रोत मान्दछन् र ७.४१% उत्तरदाताहरूले बाखा पालन व्यसायलाई आम्दानीको स्रोत मानेको देखिन्छ ।
- यहाँका शतप्रतिशत परिवारले मकै, कोदो जस्ता बालिहरूको खेती गर्दछन् । त्यस्तै आफूलाई चाहिने तरकारीहरू पनि आफैं उत्पादन गर्दछन् । त्यस्तै दोस्रो बालीको रूपमा सिमी र भट्ट ९५.०६% घरहरूले खेती गर्दछन् । खेती गर्ने क्रममा ७४.०७% ले गोठेमल र कम्पोष्ट मल मात्र प्रयोग गर्दछन् भने २५.९३% ले गोठमल र कम्पोष्ट मलको साथसाथै रासायनिक मल पनि प्रयोग गर्दछन् ।
- भुरुङ गाउँका ४ हलसम्म जग्गा जमिन भएका उत्तरदाताहरू ७४.०७% रहेका छन् भने २५.९३% उत्तरदाताहरूको जमिन ४ हलभन्दा माथि रहेको छ ।
- यहाँका २४.६९% परिवारलाई मात्र वर्ष भरिलाई खाने अन्न मकै र कोदो उब्जिन्छ भने ७५.३१% परिवारलाई ७८ महिनासम्म पनि मकै र कोदोले खान पुग्दैन । धान

उत्पादन नहुने भएकोले भात खानको लागि भने १०० % परिवार नै बाहिरबाट किनेर लैजानु पर्ने हुन्छ ।

- भुरुङ गाउँका केही सीमित घरपरिवारले आफूलाई चाहिने मह आफै उत्पादन गरे पनि २.४७% परिवारले यसलाई व्यवसाय बनाई सामान्य आम्दानी गरेको पाइन्छ ।
- भुरुङ गाउँका मगरहरू सबैले गाई, गोरु र कुखुरा पालन गरे पनि क्रमशः ६१.७२% र ७४.०७% उत्तरदाताहरू भैंसी पाल्ने र बाखा पाल्ने गर्दछन् । बाखा पालन कार्यलाई व्यवसायमा बदल्ने भने ७.४१% मात्र उत्तरदाता रहेका छन् ।

भुरुङ्ग गाउँका मगरहरूको मुख्य पेशा कृषि भएपनि अधिकांश मगर परिवारको आम्दानीको स्रोत वैदेशिक रोजगार हुन पुगेको पाइयो । विभिन्न किसिमका सांस्कृतिक संस्कारमा बढि सहभागि हुने मगरहरूको शैक्षिक अवस्था कमजोर देखियो । आफ्नो समुदायसँग मात्र बढि सम्बन्ध गाँस्न चाहने भुरुङ्गवासी मगरहरूको विविध कारणवस सम्बन्धको दायरामा आफ्नो जातसँग मात्र नभई अन्य जातसँग पनि वृद्धि हुँदै गएको देखियो । छुवाछुतलाई सामान्य रूपमा हेर्ने यहाँका मगरहरूले अन्तरजातिय विवाहलाई पनि स्विकारिने वताउँछन् ।

परम्परागत खेतिपाती र पशुपालन व्यवसाय अपनाउँदै आएका भुरुङ्गवासी मगरहरूको हाल शिक्षा, चेतना, वसाइँसराइँ तथा रोजगारीको कारणले परिवर्तनका संकेतहरू देखिन थालेका छन् ।

धन्यवाद ।